नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं

फोन नः ०१-४१००२२३
टोल फ्रिः १६६००११११२२४
बबरमहल, काठमाडौं

पत्र संख्या: २०८२।०८३
च.नं ५६०

मितिः२०८२।०४।१८

श्री प्रथम सेवा विन्दुको रुपमा सूचीकृत,
सेवा प्रदायक स्वास्थ्य संस्थाहरु (सबै)

विषयः सेवा उपलब्ध गराउने सम्बन्धमा।

प्रस्तुत विषयमा स्वास्थ्य बीमा ऐन, २०७४ र स्वास्थ्य बीमा नियमावली, २०७५ (संशोधन समेत) मा प्रथम सेवा बिन्दुको रुपमा सूचीकृत सेवा प्रदायक स्वास्थ्य संस्थाले बीमितलाई आवश्यक उपचार सेवा उपलब्ध गराउनु पर्ने र सो संस्थाले आवश्यक सेवा उपलब्ध गराउन नसक्ने भएमा सोही व्यहोरा उल्लेख गरी नजिकको अन्य सेवा प्रदायकमा सेवाको सुनिश्चितता हुने गरी प्रेषण गर्ने प्रावधान रहेको छ।स्वास्थ्य बीमा बोर्डसंग सम्झौता गरेका प्रथम सेवा बिन्दुको रुपमा कार्य गर्ने कतिपय सेवा प्रदायक स्वास्थ्य संस्था स्वयंले नै सेवा उपलव्ध गराउन सक्ने पर्याप्त क्षमता हुँदाहुँदै र सेवाको उपलब्धताको लागि आवश्यक व्यवस्थापन गर्नुपर्नेमा स्वास्थ्य बीमा ऐन २०७४, नियमावली २०७५, स्वास्थ्य बीमा कार्यक्रममा प्रेषण (Referral) सेवा सम्बन्धी कार्यविधि २०८०, दाबी समीक्षा निर्देशिका, (पहिलो संसोधन) २०८१ विपरित तथा चिकित्सकीय सेवाको आचरण विपरित अनावश्यक रुपमा प्रेषण गरेको पाईएको हुनाले आफ्नो संस्थामा भईरहेको सेवा उपलव्ध नगराई प्रेषण गर्ने कार्य नगर्न नगराउनु हुनका साथै प्रेषण गर्नु परेमा अनिवार्य रुपमा कारण खुलाएर ऐ. नियमावलीको अनुसूची-९ बमोजिमको प्रेषण पुर्जा अनुसारको स्पष्ट विवरण उल्लेख गरी प्रेषण गर्नु हुन निर्णयानुसार अनुरोध छ।

२०८२।०४।१८
पुण्यमाया गुरागाई
उप-सचिव

बोधार्थ
श्री सूचना प्रविधि शाखा (सूचना Website मा प्रकाशन गर्नुहुन)
श्री दावी व्यवस्थापन शाखा (जानकारीका लागि)